# संवत् २०७९ साल फागुन ११ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू

| क.स. | मन्त्रालय | निर्णयको संक्षिप्त व्यहोरा |
|---|---|---|
| १. | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी (पहिलो संशोधन) ऐन, २०७९ सम्बन्धी विधेयक संघीय संसद्समक्ष पेश गर्न स्वीकृति दिने। |
| २. | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | नेपालको संविधानको धारा ५३ एवं सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ४१ बमोजिम तयार गरिएको नेपाल सरकारको आर्थिक वर्ष २०७८/७९ को वार्षिक प्रतिवेदनलाई स्वीकृत गरी सम्माननीय राष्ट्रपतिसमक्ष पेश गर्ने। |
| ३. | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | २०७९ चैत १३ देखि १६ सम्म थाईल्याण्डको बैंककमा आयोजना हुने Tenth Asia Pacific Forum on Sustainable Development कार्यक्रममा सहभागी हुन राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा.मीन बहादुर श्रेष्ठलाई स्वीकृति दिने। |
| ४. | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | २०७९ चैत १३ देखि १४ गतेसम्म स्वीट्जरल्याण्को जेनेभामा आयोजना हुने Promoting Decent Employment for Women through inclusive Growth Policies and Investment in the Care Economy विषयक कार्यक्रममा सहभागी हुन राष्ट्रिय योजना आयोगका सदस्य डा. राम कुमार फुयाललाई स्वीकृति दिने। |
| ५. | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | विकास आयोजनाको सञ्चालन तथा व्यवस्थापन गर्ने सम्बन्धमा विधेयक तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति दिने। |
| ६. | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | चालु आर्थिक वर्ष २०७९/८० को लागि गहुँको न्यूनतम समर्थन मूल्य प्रति क्विन्टल रु.३३५१/- निर्धारण गर्ने। |
| ७. | खानेपानी मन्त्रालय | मध्यस्थता विवाद चलिरहेको मेलम्ची खानेपानी आयोजनाको ठेक्का सम्झौता अन्त्यसम्बन्धी निर्णय उपर दर्ता भएको मध्यस्थता विवादको निर्णय नभएसम्म थाईलैण्डस्थित नेपाली राजदूतावासले खानेपानी मन्त्रालयसँग निकट सम्पर्क र समन्वयमा रही कानूनी प्रतिरक्षा सम्बन्धी आवश्यक कामकाज गर्ने। |
| ८. | गृह मन्त्रालय | बहराइनस्थित Isa Award ट्रष्टले प्रदान गरेको Isa Award for Service to Humanity अवार्ड डा. सन्दुक रुइटलाई ग्रहण गर्न स्वीकृति दिने। |
| ९. | गृह मन्त्रालय | मिति २०७९/११/१७ गते दक्षिण सुडानमा हुने फर्म्ड पुलिस युनिट (एफ.पि.यु.) को मेडल परेड कार्यक्रममा सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्याललाई सहभागी हुन स्वीकृति दिने। |
| १०. | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | दक्षिणकाली नगरपालिकाको प्रशासकीय भवन निर्माण गर्नको लागि सरकारी जग्गा उपयोग गर्न स्वीकृति दिने। |

| | | |
|---|---|---|
| ११. | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | २०७९ फागुन २९ देखि चैत ३ गतेसम्म बेलायतमा हुने School Leadership Study Visit मा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव (शिक्षा) श्री रामकृष्ण सुवेदीलाई भाग लिन स्वीकृति दिने। |
| १२. | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | संघीय संसद सचिवलायमा दर्ता भई हाल राष्ट्रिय सभामा विचाराधीन रहेको प्रतिलिपि अधिकार (पहिलो संशोधन) विधेयक, २०७६ फिर्ता लिन स्वीकृति दिने। |
| १३. | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | २०७९ फागुन २३ देखि २५ सम्म जर्मनीको बर्लिन सहरमा आयोजना हुने Internationale Tourismus Borse (ITB) Berlin २०२३ पर्यटन मेलामा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव श्री सुरेश अधिकारीलाई सहभागी हुन स्वीकृति प्रदान गर्ने। |
| १४. | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | राष्ट्रिय तथ्यांक कार्यालयको संगठन संरचना र दरबन्दी तेरिज स्वीकृत गर्ने। |
| १५. | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | नेपाल दूरसञ्चार प्राधिकरणमा कानून-सदस्यको पदमा नाम सिफारिस गर्न सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिवको संयोजकत्वमा सिफारिस समिति गठन गर्ने। |
| १६. | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | लोक सेवा आयोगको सिफारिसबमोजिम स्वास्थ्य सेवाको एघारौं तहमा दुई जनालाई नियुक्ति तथा पदस्थापन गर्ने। |